रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:- ०७७ /०७८
च.न. १२६८

मिति :-२०७८/०१/२४

श्री वडा अध्यक्षज्यूहरु / वडा सचिवज्यूहरु,
सबै वडा कार्यालयहरु, रिब्दीकोट गाउँपालिका, पाल्पा।

विषय : जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा DCCMC पाल्पाको मिति २०७८/०१/१५ को निर्णय अनुसार कोभिड -१९ को सम्भावित जोखिमबाट बच्न यस कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक सेवाहरु (स्वास्थ्य सेवा र विपद व्यवस्थापन) बाहेक अन्य सेवाहरु मिति २०७८/०१/१९ गते देखि २०७८/०१/२४ गते सम्मको लागि बन्द गर्नु हुन भनी यस कार्यालयबाट मिति २०७८/०१/१७ गते सूचना जारी गरिएकोमा DCCMC पाल्पाको मिति २०७८/०१/२३ को निर्णय अनुसार उक्त अन्य सेवाहरु मिति २०७८/०१/२४ गते देखि २०७८/०२/०४ गते सम्म पुन: बन्द गरिने भएकोले नियमित सेवा प्रवाह स्थगन गरी तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

१. नियमित रुपमा कार्यालय खोल्ने, अनुपस्थित नहुने,
२. अत्यावश्यक सेवा प्रवाहको अवस्थाको नियमन एवं अनुगमन गर्ने,
३. कोरोना भाइरस सम्बन्धी सचेतना फैलाउने,
४. वडामा अनावश्यक भिडभाड तथा भेला, जमघट हुन नदिने र
५. आफ्नो वडामा विदेशबाट र अन्य जोखिमयुक्त स्थानबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सोको संख्यात्मक विवरण दैनिक रुपमा कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्ने।

(मणि प्रसाद खनाल)
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत